Nepalese Culture

Vol. II. 1981–82

Contents

Published by:

Nepalese History, Culture and Archaeology Instruction Committee
Tribhuvan University, Kirtipur
Kathmandu, Nepal.

नेवारहरूले मनाउने "सी का भ्वय्" : एक अध्ययन

-रमेशराज कुँवर

मेचीदेखि महाकालीसम्म छरिएर बसोवास गर्ने नेपालका विभिन्न जातिहरूमध्ये नेवार जाति पनि एक हो । जातीय संस्कृतिको दृष्टिकोणमा नेवार संस्कृति ज्यादै महत्वपूर्ण छ । यो जात भित्र अनेक थरहरू पाइन्छन् तापनि भाषा भने एउटै देखिन्छ । वि. सं. २०२८ सालको जनगणना अनुसार यिनीहरूको संख्या ४,५४,९७९. भएको कुरा श्री बालकृष्ण पोखरेलले उल्लेख गर्नु भएको छ । (१) यस जातिका सम्पूर्ण थरहरूले एउटै भाषा बोल्ने भए तापनि तिनीहरूको चालचलन पूर्णतया मेल खाँदैन । यसका एक समूह हिन्दू धर्मावलम्वी छन् भने अर्को समूह बौध्द धर्मावलम्वी छन् ।(२) यसैले गर्दा नै चालचलनमा भिन्नता देखिन गएको हो । सामाजिक स्तर अन्तरगत श्री गोपाल सिंह नेपालीले द्यो ब्राहमण, गुभाजु अथवा वज्राचार्यलाई र बाँडा अथवा बरेलाई पुरोहित जातमा; छ थरी श्रेष्ठ, पाच थरी श्रेष्ठ र उदाश लाई उच्च जातमा; पहाडी ज्यापु र हले (अथवा ग्वाला) लाई मध्यम स्तरको जातमा; गठु, नाउ, खुस, चित्रकार, छिपा, मानन्धर अथवा शाल्मी, कौउ, लाई सानो जातमा; डुइयाँ, बलमी, संग अथवा संगत अनि भा, कशाही, कुश्लेलाई निम्न जातमा र पोडे, कुलु, च्यामे र हलाहलुलाई अछुत जातमा राख्नु भएको छ । (३) यसै क्रममा कोलिन

---

१. बालकृष्ण पोखरेल, राष्ट्रभाषा, तृतीय संस्करण, (काठमाडौं: साझा प्रकाशन २०३६), पृ ८३

२. Dilliram Dahal, "Anthropology of Nepal," *Nepalese Cultural Heritage*, (Kathmandu: Hotel Management & Tourism Training Centre, 1978), p. 214

३. Gopal Singh Nepali, *The Newars*, (Bombay: United Asia Publicatinns, Jan. 1965), p. 150.

रोजरले प्याङ गाउँको नेवार समाजलाई जु पीं (पानी चल्ने जात) र मजुपीं (पानी नचल्ने जात) ४) भनी सम्वोधन गर्नु भए तापनी जेरार्ड टोफिनले यसमा **टिमजुपीं** (अछुत जात)(५) समेत थपी जातीय स्तरिकरण गर्नु भएको कुरालाई अझैसम्म पनि स्वीकार्न करै लाग्छ। शिक्षित नेवारमा यो भावना नभए तापनि आशिक्षित तथा मध्यम स्तरको नेवार-हरूमा सो भवाना आज सम्म विद्यमान छ।

जेहोस, अति मिश्रित संस्कृति लिएर बसेको नेवार जातिको अध्ययन "सी का भ्वय्" संग सम्वन्धित छ। उनीहरूको भाषामा भोजलाई "भ्वय्" भनिन्छ। वार्है महिना भोज खानमा ब्यस्त रहने नेपाली जातिहरूमा नेबार नै मुख्य हुन्। केही नेवारहरुको भनाइ अनुसार एक वर्षमा जति पैसा कमाइन्छ त्यसको आधि रकम भोजमा खर्च हुन्छ। केही हृद सम्म यो कुरालाई स्वीकार्न पनि सकिन्छ।

प्रायगरी नेवारहरू गुठी, ब्रतबन्ध, विवाहमा, वरेखी, जात्रा तथा पर्व या उत्सवको वेलामा भोज खान्छन्। विवाहमा खाने भोजलाई **ब्या भ्वय्**, गुठीमा खाने भोजलाई **गुठी भ्वय्**, मान्छे मरेको तेह्र दिनमा खाने भोजलाई **घ : सु भ्वय्**, पैंतालिस दिनमा खाने भोजन लाई **लट्टे भ्वय्**, छ महिनामा खाने भोजलाई **खुला भ्वय्**, र एक वर्षमा खाने भोजलाई **द कीला भ्वय्**, भनिन्छ। चाहे गुठीको अवस्थामा होस् या देवोली गर्दाको अवस्थामा या अन्य कनै परिस्थितिमा जनावर र पंक्षीहरूलाई देवताको थानमा बलि दिइएको छ भने त्यस अवसरमा गरिने भोजलाई "सी का भ्वय्" भनिन्छ।

यसवारे मनमैंजु (वालाजुदेखि आधा घण्टा उत्तरपट्टि अवस्थित नेवार गाउँ) टोखा, (६) टुपेक, टुशाल र गाम्चा (यी तीनै गाउँ टोखा देखि पूर्व पट्टि अवस्थित छन्,) नामक नेवार गाँउँमा अध्ययन गरिएको छ। केही कुराहरू शहरका नेवारहरूबाट पनि नलिइएको होइन। यसै क्रममा टाउकोको बिभिन्न भागलाई 'सी' भनिन्छ भनी श्री जनकलाल

४. Collin Rosser, "Social Mobility in Newar Caste System," *Caste and Kin in Nepal India and Ceylon*, (ed) by C. Van Furer Haimendorf, (Bombay: Asia publishing House, 1966), p. 88

५. Gerard Toffin, Inter" Caste relations in a Newar Society," *Himalayan Anthropology*, (ed) by James Fisher, (Mouton Publishers, 1978), p. 467

६. यो ठाउँ काठमाडौंदेखि करिव २ घण्टा टाढा उत्तरपट्टि अवस्थित छ। सो ठाउँमा करिव १००० नेवार घरहरु छन्। २०३८ साल श्रावण महिनादेखि २०३९ साल आषाढ महिना सम्मको लागि नेपाल र एशियाली अनुसन्धान केन्द्र मार्फत "टोखाको सांस्कृतिक अध्ययन" नामक शीर्षकमा अनुसन्धान गर्दै आएको छु।

शर्माले लेख्नु भएको छ । (७) कायगुलाई छोट्करीमा 'का' भनिएको हो भनी जेराड टोफिनले लेख्नु भएको छ । (८)

साधारणतया "सी का म्वय्" बलि दिए पिच्छे गरिन्छ । तैपनि सना गुठीको भोजको अवसरमा देवाली पूजाको भोजको अवसरमा, महा अष्टमीको भोजको अवसरमा यसको विशेष महत्व हुन्छ । टोफिनको भनाइ अनुसार, यदि बलि गुठी भोजको अवसरमा गरिएको छ भने त्यो भाग, आफ्ना दाजु-भाइ मध्येका जेठाहरूले भेट्टाउँदछन् । दशैं भोजमा परिवारका बाबुहरूमा जेठाका हिसावलें यो भाग वाडिन्छ । यदि परिवार त्यति ठूलो छैन भने टाउकोलाई पाँच टुक्रा गरेर मात्र काटिन्छ । (९)

यसै शिलसिलामा श्री जनकलाल शर्मा लेख्नु हुन्छ की हरेक देवाली गुठीको भोजमा बलि दिइएको बोकाको टाउकोलाई आठ भाग र खुरहरू पनि यसै प्रकार भाग लगाएर दिने चलन छ । यसरी बोकाको टाउकोलाई भाग लगाउँदा कानका दुइ टुक्रा, तल्लो वंगाराका दुइ टुक्रा, आँखाका दुइ टुक्रा, नाक र जिभ्रो एक एक टुक्रा गरेर भाग लगाइन्छ र त्यो समेत मिलाएर बाँडिन्छ । (१०) यस्तै कुरा श्री नगेन्द्र शर्माले र गोपाल सिंह नेपालीले पनि उल्लेख गर्नु भएको छ तर खुरको वारेमा भने उल्लेख गर्नु भएको छैन । (११)

उल्लिखित कुराहरूमा नेपालका सम्पूर्ण नेवारी समाजमा एकरूपता पाइन्छ पाईदैन भन्ने कुरामा स्पष्ट रूपमा उल्लेख भएको छैन । त्यसकारण यसलाई विस्तृत रूपमा केलाएर हेर्न सकेमा मात्र जातीय संस्कृतिको महत्व बुझ्न सकिन्छ । यसै परिप्रेक्षमा मैंले नेवारहरूकै शब्दमा "अछुत जात" (पोडे, च्यामे, हलाहुलु आदि) भित्र बाहेक नेवारी भाषा बोल्ने अरू नेवार जातिमा "सीं का म्वय्" कसरी गरिन्छ विषयलाई लिएर साधारण रूपबाट अध्ययन गरेको छु ।

---

७. **जनकलाल शर्मा, "नेपालको नेवारी समाज,"** मधुपर्क, **वर्ष १४, अंक ८, (२०३८),** पृ.१५२-१५३

८. **Gerard Toffin, "Newar Jatile Manaune Sika Bhoe,"** *Kailash* **Vol. IV, No. 4, (1976), p. 332.**

९. *Ibid.*

१०. **जनकलाल शर्मा. पूर्ववत, नं. ७ पृ. १५२-१५३.**

११. **नगेन्द्र शर्मा,** नेपाली जनजीवन **(दार्जलिङ्ः अचला भगवती प्रकाशन, जनवर १९७६), पृ. ६८-६९.**

राङो, बोका, अथवा थुम्मा र कुखुराको भाले अथवा हाँस बलि दिदा "सी का भ्वय्" हुन्छ तर कसाहीं समाजमा सुंगुर बलि दिदा 'सी' बाँड्ने चलन पाईदैन। 'सी' बाँड्ने प्रकृयामा केवल थकाली लगाएत जेठा गुठीयार अर्थात आठ जना नभएमा पाँच जना सम्मले पाउँछन्। (१२) तर देबताको मन्दिरमा कहिलेकाहीं अथवा ठूला ठूला अवशरमा बलि दिदा संकल्प गरिने प्रकृया पनि नपाइने होइन। त्यस किसिमको संकल्पमा हिन्दु नेवांरहरूले आचाज्जूलाई लगाउँछन् भने वौध्द नेवांरहरूले गुभाजुलाई लगाउँदछन्।

यदि आचज्यू अथवा गुभाजु द्वारा बलिका संकल्प गराइएको छ भने त्यस स्थितिमा आठ भागमध्ये एक भाग संकल्प कर्तालाई पनि दिइने चलन छ। प्राय यस किसिमको कार्य देवाली पूजाको अबसरमा र महां अंष्टमीको पूजाको अवसरमा गराइन्छ। सो अबस्थामा 'सी' आठ भाग नलगाई केवल सात भाग मात्र लगाइन्छ। तर आचाज्यू र गुभाजुद्वारा संकल्प नगरिएको वेलामा उल्लिखित दुइ व्यक्तिलाई 'सीं' वाँड्नु पर्दैन। अझ कुस्लेहरूको आचाज्यू र गुभाजु दुवै पुरोहित नहुने हुंदा यो थरमा 'सी' तिनीहरूलाई वाड्नु पर्ने देखिदैंन। उनीहरूको चलन अनुसार बलिको संकल्प मुख्य थकालीले गर्ने हुंदा त्यस स्थितिमा गुभाजु र आचाज्यूले पाउने 'सी' सो मुख्य थकालीलाई नै दिइन्छ।


'सी' लिने क्रममा टोफिन्ले उल्लेख गर्नु भए अनुसार थकालीले दाहिने थुतुनो, नोकुले देब्रे थुतुनो सोकुले दाहिने आँखा प्येकुले देब्रे आँखा, ङाकुले दाहिने कान खुकुले देब्रे कान, न्हेकुले तल्लो दाहिने वंगारो र च्याकुले, तल्लो देब्रे वंगारो पाउँदछन्। (१३) नेपालीको भनाइमा पुरोहितलाई नाक अथवा वंगारो (Snout) दिइन्छ र न्हेकुलाई जिब्रो दिइन्छ।(१४) तर टोखा गाउँबाट थाहा भए अनुसार **थकालीले** दाहिने आँखा, **नोकु** (दोस्रो) ले देब्रे आँखा, सोकु (तेस्रो) ले दाहिने कान' **प्येकु** (चौथो) ले देब्रे कान, **ङाकु** (पाँचौ) ले थुतुनो, **खुकु** (छैठौ) ले जिब्रो, **न्हेकु** (सातौं) ले दाहिने वंगारा, र **च्याकु** (आठौं) ले देब्रे वंगारा पाउने कुरा न टोफिनको भनाइ संग मिल्छ न त जनकलाल शर्मा र नेपालीको भनाइ संग नै। उल्लिखित कुराहरू केवल चार खुट्टेलाई बलि दिनमा मात्र सम्भव हुने कुरो हो। जुन कुरा चित्र नं. (१) मा देखाइएको छ।

यदि कुखुराको भाले अथवा हाँस बलि दिएमा 'सी' कसरी र कसलाई बाँडिन्छ भन्ने कुरा पनि त्यत्तिकै महत्वपूर्ण छ। यस स्थितिमा 'सी' बाँड्दा एउटा सिङ्गै टाउको

१२. **Gerard Toffin,** ***op. cit.*** **no. 5, pp. 330-331.**

१३. ***Ibid.***


१४. **Gopal Singh Nepali,** ***op. cit.*****, p. 395.**



(चित्र नं. १)

थकालीलाई दिने चलन टोखाको नेवार समाजमा पाइन्छ । तर सोही ठाउँको कसाहीहरू र टुपेक, टुसाल, गाम्चा र मनमैजुका अन्य थरका नेवार समाजमा दुइ खुट्टे बलि दिए पछि टोखाको जस्तो 'टाउको' मात्र 'सी' को रूपमा नबाँडी, टाउको थकालीलाई, दायाँ पखेटा नोकुको लागि, बायाँ पखेटा सोकुको लागि, दाँया खुट्टा प्यकुको लागि, र बायाँ खुट्टा ङाकुको लागि 'सी' को रूपमा बाँडिन्छ । टोखाको श्रेष्ठहरूको चलन अनुसार दुइ खुट्टे बलि दिए पछि दायाँ पखेटा र दायाँ खुट्टा देवताको थानमानै चढाउँदछन् । कुखुराको भाग चित्र नं. (२) मा देखाइएको छ । कसाहीहरूको भनाइ अनुसार 'सी का भ्वय्' मा पुरोहितका आवश्यकता पर्दैन ।

नेवारहरू जीवलाई बलि दिंदा भगवतीको मन्दिरमा, गन दयो (गणेशको मन्दिरमा) नाशः दयो (नाचको देवताको मन्दिरमा) तथा भैरवको मन्दिरमा दिन्छन् । उनीहरूको चलन अनुसार पञ्च बलि दिएमा पनि नियम अनुसार 'सी' खण्टिएर बाँडिन्छ । तर जहाँ सम्म 'सी' आठ जनामा बाँढिने कुरा छ त्यसमा आठ जनाको सट्टा तीन जना देखि सात जनासम्म पनि हुन सक्ने होइन । यस परिस्थितिमा 'सी' कसरी बाँडिन्छ भन्ने कुरा उठ्न सक्छ । यदि **फुकी** (दाजुभाइ खलक) कम हुन गएको अवस्थामा सर्व प्रथम त मान्यता क्रमको हिसावमा 'सी' बाँडिन्छ र साथै मान्यता क्रम सकिए पछि सी' बढ्ता हुन गएमा



कुखुरा

(चित्र . नं १.)

थकालीको छोराको क्रमबाट आउँछ । उदारणको रूपमा तीन जना फुकी छ र मान्यता क्रममा तीन भाग 'सी' बाँडियो र बाँकी पाँच भाग 'सी' कस्लाई बाँड्ने भन्ने समस्या देखा पर्दा थकालीको छोराहरू छन भने त्यस अनुरूप बाँडिन्छ तर थकालीको छोरा छैनन् र नोकुको छोराहरू छन भने मान्यताक्रमको आधारमा उनीहरूले पाउँछन् । जेहोस नेवार स्त्रीलाई न त 'सी का म्वय्' मा नै सामावेस गराइन्छ नत फुकी पुरा छैनन् भनेर उनीहरूलाई सी नै बाँडिन्छ । शालमी र कसाही समाजमा भने फुकीको संख्यामा कम्ति हुन गएमा सकभर थकाली देखि छोराहरू हेरिन्छ र यदि नभएमा छोरीहरू छन भने मान्यताक्रममा 'सी' उनीहरूलाई पनि बाँडिने चलन टोखामा पाइन्छ । यदि कुनै आइमाई गुठीको सदस्य भएकी छे भने उसलाई पनि 'सी' बाँडिने कुरा नसुनेको होइन । मनमैजुका ज्यापुहरूले संकलपकर्तालाई जिब्रो दिने चलन छ भने टोखाका नेवारहरूले थुतुनो दिने गर्दछन् ।

चालचलन तथा परम्पराको आधारमा नेवार समाजको यो भोजलाई ज्यादै महत्वपूर्ण मान्न सकिन्छ किनभने जहिले र जुनसुकै अवस्थामा बलि दिए पनि बलि दिने व्यक्तिले चाहे गुठीयारहरूकोलागि होंस या फुकीकोलागि सो "सी का म्वय्" को आयोजना गर्नु नै पर्छ । यसरी भोजको आयोजना गरे पछि सो भोजमा 'सी' प्राप्त गर्ने जेठा सदस्यहरू

आउनै पर्छ । यदि कुनै सदस्य आउन सकेन या रिसईबी भएको कारणले गर्दा आएन भने अर्को पल्ट देखि विवाह, व्रतवन्ध काज – क्रिया, पिण्डोदान आदि कुनै कार्यमा पनि सम्मिलित गराईदैन । (१५) तर धेरै जसो मानिसहरू यी भोजमा सामेल हुन्छन् र आफ्नो दाजु भाईको बीच सौहार्दपूर्ण वातावरण श्रृजना गर्छन् । यसवेलामा एकलाई अर्कोको आवश्यकता परेको महसूस हुन्छ । तर फुकीका पत्नीहरूले पनि यस्तो भोजमा सामेल हुन पाएको भए मेलमिलापको दृष्टिकोणमा साँच्चै अतुलनिय उदारणको रूपमा यो समाजलाई लिन सकिन्थ्यो । तर फुकीको मेलमिलाप भए तापनि पत्नीहरूको बीचमा यदि झैझगडा भएको छ भने यस जमघटवाट सोही अवस्थाको श्रृजना हुने सम्भव हुन्थ्यो ।

जहाँसम्म यो भोजको कुरा छ यसमा सर्वप्रथमत केही ब्यक्ति खर्पन बोक्दै, कोही बोका, थुम्मा या केहीलाई डोऱ्याउँदै र अरूहरू अघि पछि लाग्दै देवताको मन्दिर तिर लाग्छन् । यदि सो पूजा भाकलको हो भने भाकल गर्ने मानिस चाहे पुरूष होस या महिला कुनै पनि जान सकिन्छ ।

देवताको मन्दिरमा पुगे पछि सबभन्दा पहिला पूजाको सुरूवातमा फुल, रोटी (मासको बारा), थ्वों (जाँड), ऐला (रक्सी), छोयलाबजी (छोयला र चिउरा), दही, फूल, दुध, वत्ती, अबीर, अक्षेता आदिबाट देवताको पूजा गरिन्छ । देबताको पूजा सकिए पछि बलि दिइने जीबलाई पूजा गरी पर्साउने काम हुन्छ । त्यस अबस्थामा आफ्ना फुकीहरू पनि सामेल छन् भने उनीहरूलाई समेत अक्षेता चढाउन लगाइन्छ अथवा भाकल मात्र पुरा गर्न लगिएको छ भने भाकल गर्ने मानिसले अक्षेता चढाउँदछन् । त्यस पछि पर्साइएको प्राणीलाई बलि दिइन्छ । बलि दिइसके पछि टाउको पट्टिको रगतबाट र कालो पालामा वालिएको बत्तीको घुवाँबाट उक्त स्थलमा बिद्यमोन प्रत्यक ब्यक्तिले टीका लगाउँदछन् । सो टीकालाई **मोहनी** भनिन्छ । साधारणतया **मोहनी** माथि राता पहेंला टीका पनि लगाएको देखिन्छ ।

यति भइसकपछि सबैले आपनो हत्केलामा दुध र छोयला राखी प्रसादको रूपमा

---

१५. यसबारेमा टोखाको एकजना ꣲ नामको व्यक्ति थकाली रहेछ र उनको चार भाइहरू पनि रहेछन् । काईंलो भाइसंग उसको नराम्रो झगडा भएछ । यसै क्रममा काईंलो भाइले बलि पूजाको आयोजना गरेछ र 'सी' बाँड्ने क्रममा टाउको थकालीको घरमा पुराउन पठाएछ । 'सी' स्वीकार गर्नुको सट्टा थकालीले उक्त टाउको फिर्ता नै पठाएछ । तर काईंलोले सो टाउको नखाइकन घरमा राखेको एक महिना भएको थियो । किन कुईंदैन भनी सोध्दा "कुइए थकालीको टाउको कुइन्छ मलाई के हुन्छ ?" भनी जवाफ दियो ।

खान्छन् । त्यसपछि ऐला र अनि थ्वों पनि पिउँदछन् । यसै क्रममा साधारण खाना खाने काम शुरु हुन्छ । यो खाना खाने प्रकृयालाई उनीहरू **'समाय भ्वय्'** अथवा "समाय"पनि भन्दछन् । चलन अनुसार 'समाय भ्वय्' मा प्रसस्त खाना खान दिईंदैन । प्राय दुई बुई मुठी चिउरा, छोयला, अदुवा, भट्मास, सीद्रा अथवा माछा अलि अलि राखी खान दिइन्छ या ख्वाइन्छ । वास्तवमा यो 'भ्वय्' आधुनिक 'पिकनिक' (वनभोज) को दिनमा मुख्य खाना खानु अगाडि ख्वाइने या खाइने साधारण 'ब्रेकफास्ट' (विहानको खाना) जस्तै देखिन्छ । सगुनको रूपमा दहीलाई खुबै महत्वपूर्ण खाना मानिन्छ ।

'समाय भ्वय्' सकिए पछि अनि 'सी का भ्वय्' सुरू हुन्छ । तर 'सी का भ्वय्' देवताको मन्दिर स्थल नजिकै हुनु पर्छ भन्ने कुनै अनिवार्यता छैन । कहिलेकाहीं सो भोज घरमा पनि गरेको नपाइने होइन । जेहोस यस भोजमा सबै फुकीहरू जम्मा भइ थकाली पछि क्रमस: मान्यताक्रमको आधारमा खान बस्छन् । खाना बाँड्ने सदस्य कान्छो हुदछ । सबैलाई **लपेश** बाँडी त्यसमा धेरै चिउरा राखी त्यसको वरिपरी अनिवार्य रूपले आठ प्रकारका चिजबिजहरूले घेरिन्छ । बिशेषगरी ती खानाहरूमा साग, मस्याङ, बोडी, केराउ, सिमी, मासु, मासको बारा, मुलाको चाना त्यस पछि **खेंगी** र **चेंगी** नामक फर्सीका टुक्राहरू पनि राख्तछन् । यस सम्बन्धमा कसैले आठको सट्टा बाह्र या सोह्र प्रकार सम्म पनि राख्छन । जेहोस चलनमा आठ प्रकार नै छ र त्यो राख्नाको उद्येश्य अष्टमङ्गलकोलागि हो भनिन्छ ।

खाना खाइसके पछि **शिसवसु** (सुन्तला, केराउ, उखु, शखर, दही.) बाँडिन्छ र त्यो पनि खाइसके पछि मान्यताक्रमको आधारमा 'सी' बाँड्ने काम सुरु हुन्छ । 'सी' पाउने प्रत्येक सदस्यले विवाहित छोरीबेटीबाट ल्याएको फुलहरूमा एक एकवटा खान पाउँछन् । खाना खाने क्रममा 'सी' पनि बाँडिसके पछि कान्छो अथवा जसले देब्रे वंगारा पाउँछ उसले सबैको **लप्टे** (लपेश), हाडहरू, सिन्का र बत्ती बाली फाल्न लैजानु पर्छ तर यो चलन प्याङ गाउँको चलन संग मिल्दैन । जिब्रोमा हड्डी नभएको हुँदा सो को सट्टा सिन्का राखिएको हो भनी टोखाको नेवारहरू भन्दछन् । उल्लिखित बस्तुहरू फाल्नुको उद्येश्य जीब दान गरेको हो भन्ने कुरा बताउँछन् । यसरी 'सी का भ्वय्' अन्त हुन्छ र बचेका खानाहरू र बाँकी मासुहरू आफ्ना घरका परिबारहरू खाने गर्दछन् । (१६)

---

१६. **Gerard Toffin, *op. cit.*, no. 5, उहाँले प्याङ गाउँमा देख्नु भएको 'सी का भ्वय्' को वर्णन गर्दै लेख्नु भए अनुसार "बेलुकीतिर यस भोजका जमातका ठिटाहरुले गाउँको प्रवेशद्वारमा एउटा डोरी टाँग्छन् र बाँकी बोकाको मासुलाई ४४ भाग लगाउँछन् ।"**

'सी का भ्वय्' सम्बन्धिको कुरालाई लिंदा, सन् १८९९ मा मार्सले बयान गरेको बलि सम्बन्धि सामान्य सिद्धान्त चर्चा, जस्तै बलि चढाउने कार्यमा मानिसको यस माध्यमद्वारा यो संसारबाट अर्को संसारमा आवागमन र सम्पर्क गर्ने इच्छा प्रकट हुने, बलि तयारीको बातावरण बलिको किसिम र काट्ने बेलामा गरेको त्यसको श्रृंगार सर – सामग्रीहरूको विधान बोका पोलेको, चोखो आगोमा बलिको मासु पाकेको, बलि भाग लगाएको, सामुदायिक भोज खाएको र अन्तमा अर्को संसारबाट पुनः यस संसारमा फर्कन गरिने बिधीको वर्णनसंग मेल खान आउँछ । यस पद्धति अनुसार 'सी का भ्वय्' एउटा सामुदायिक भोज खाने अवसर हो र यस भोजमा बलिको कार्य एउटा अत्यन्त महत्वपूर्ण अँग हो भन्ने देखिन आउँछ, किनभने यतिखेर यस सिद्धान्त अनुसार मानिसको र देबताको संसार नछुट्टिनेगरी मिलेको हुन्छ । (१७)

जेहोस यस समाजमा 'सी का भ्वय्' ले निकै राम्रो भूमिका खेलेको पाइन्छ । किन र कुन परिस्थितिमा टाउकोको बिभिन्न भागलाई 'सी' को रूपमा बाँडिन थालियो या ती भागहरू 'सी' को रूपमा बाँडिनाका कारणहरू के के हुन् भन्ने कुरामा दार्शनिक पक्षलाई लिइ गहिरो अध्यन गर्नु जरुरी छ ।

---

१७. *Ibid.*, p. 331.